नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२०००८२, ४२००४१३,४२००४५८
फ्याक्स : ०१-४२००११६
इमेल : info@mowcsc./io@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

## प्रेश विज्ञप्ती

आज मिति २०८२ भाद्र २० गते मानव बेचबिखन तथा ओसारपसार विरुद्धको उन्नाइसौं राष्ट्रिय दिवसको मूल समारोह **"तीनै तहका सरकार मिली गरौं हातेमालो : हटाऔं मानव बेचबिखनको दुष्चक्रको जालो"** भन्ने नाराका साथ माननीय उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री श्री प्रकाशमान सिंहको प्रमुख आतिथ्यता र माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री नवल किशोर साह सुडीको अध्यक्षतामा सांस्कृतिक संस्थान, काठमाडौंमा भव्यताका साथ सम्पन्न भयो। उक्त समारोहमा संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरु, संघीय संसदका माननीय सदस्यज्यूहरु, सरोकारवाला निकायका प्रतिनिधिहरु, सामाजिक अभियन्ताहरु र सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो।

उक्त समारोहमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री लक्ष्मी कुमारी बस्नेतले स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भयो। समारोहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउनु हुने व्यक्ति, संस्था तथा स्थानीय तहको उच्च मूल्याङ्कन गर्दै पुरस्कार तथा सम्मान पत्र वितरण गरियो। साथै उक्त समारोहमा माईती नेपाल, शक्ति समूह र शान्ति फाउण्डेशनको तर्फबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सन्देशमुलक प्रस्तुति रहेको थियो। उक्त कार्यक्रममा मानव बेचबिखन पीडित तथा प्रभावितहरुले उत्पादन गरेका सामग्रीहरुको प्रर्दशनी समेत गरिएको थियो ।

मुल समारोहका प्रमुख अतिथि माननीय उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री श्री प्रकाशमान सिंहले मानव बेचबिखन तथा ओसारपसार विश्वव्यापी सञ्जालको रुपमा फैलिएको जघन्य अपराध रहेको र यसलाई नियन्त्रण गरी पीडित/प्रभावितहरुको हक अधिकारको सुनिश्चित गर्नु राज्यको दायित्व रहेको बताउँदै राष्ट्रिय दिवसका माध्यमबाट मानवता बिरुद्धका यस्ता कुकर्मसँग लड्ने प्रेरणा सबैलाई मिलोस भन्ने शुभकामना व्यक्त गर्नुभयो। राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तपबहादुर मगरले गरिबी न्यूनीकरणमार्फत मानव बेचबिखनको अपराध कम गर्न सकिने कुरा व्यक्त गर्नुभयो। त्यसैगरी राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीले आर्थिक विपन्नताको कारण मानव बेचबिखनको अपराध हुने गरेको बताउँदै यसको दीर्घकालीनरुपमा समाधान गर्नका लागि सामाजिक र आर्थिक सशक्तीकरणमा जोड दिनुपर्ने कुरा बताउनुभयो।

यसै सन्दर्भमा पुरस्कृत व्यक्तिको तर्फबाट श्री सन्जमाया तामाङ्गले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्यमा सबै एक जुट भई लाग्नु पर्ने कुरामा जोड दिनुभयो। महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह (एटविन) का अध्यक्ष श्री तारा भण्डारीले मानव बेचबिखन नियन्त्रण सम्बन्धी कानूनको समयसापेक्ष संशोधन र मानव बेचविखन विरुद्ध राष्ट्रिय नीतिको आवश्यकता बारे औंल्याउनु भयो।

कार्यक्रमका अध्यक्ष एवं माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री नवल किशोर साह सुडीले मानव बेचबिखन तथा ओसारपसारलाई रोकथाम तथा नियन्त्रण गर्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धि अनुकूल हुनेगरी कानूनहरुको परिमार्जन गर्ने कार्य अगाडि बढाईएको बताउँदै मानव बेचबिखनको परिवर्तित स्वरुप र क्षेत्रलाई मध्यनजर गरी नियन्त्रण र रोकथाम गर्न सबैको सहयोग र सहकार्यका लागि आव्हान गर्दै सम्पूर्ण सहभागीलाई धन्यवाद व्यक्त गरी कार्यक्रमको समापन गर्नुभयो ।

चक्र बहादुर बुढा
प्रवक्ता/सहसचिव

भाद्र २०,२०८२

CamScanner